
## राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

# गौरवमय प्रोजेक्ट हावादारी सञ्चालन



कृष्णमुरारी भण्डारी

### मोही माग्ने ढुंग्रो लुकाउने

उपभोक्ता त्यसो नहुँदो हो त पोहोर सालको बजेट परम्परागत काम गरेरै जिल्ला वन, भूसंरक्षण र वनस्पति विभागले सिध्याउने थिएनन्।

**बहुचर्चित** राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको कार्यान्वयनबारे एउटा उखान यतिखेर निकै चर्चामा छ– जसको बिहे उसैलाई देख्न नदिए! अर्थात् चुरे संरक्षण त गर्ने भनियो तर त्यो संरक्षणमा त्यहाँ बसोबास गर्ने लाखौं जनतालाई संलग्न नै नगराई एक वर्षको बजेट ड्वाम पारिएछ। वन मन्त्रालयमार्फत वन, भूसंरक्षण र वनस्पति विभागले आआफ्नुमा छुट्टाछुट्टै चुरेका ३६ मध्ये २३ जिल्लालाई बजेट बाँडे र कागज बनाएर खर्च गरे। बजेट सिध्याए। चुरे संरक्षणमा काम के गरे त? आफ्नो नियमित तारजाली बाँड्ने, वृक्षरोपण गर्ने परम्परागत काम नै गरे जिल्ला वन, भूसंरक्षण र वनस्पतिका जिल्ला कार्यालयहरूले। थप २० करोड ९० लाख रुपैयाँ वर्षमा खर्च भयो भने उनीहरूको नियमित बजेट कहाँ सकियो? कहाँकहाँ केके काम गरेर सिद्धियो? चुरे क्षेत्रमा के विशेष काम भयो? अख्तियारले नियाएकै हो?

समुदायको सक्रियतालाई निमिट्यान्न पार्ने माध्यम देशकै राष्ट्रिय कार्यक्रमलाई बनाएको देखिँदैछ! किनभने अहिलेसम्म समुदायले गरेका दिगो कामलाई यसले स्वीकार गर्नु त कता हो कता, जिल्ला वन कार्यालयले स्वीकृति दिएका सामुदायिक वन उपभोक्ताहरूको कार्ययोजनालाई नै बलजफ्ती परिवर्तन गरिँदैछ र समुदायको हक कतिपय जिल्ला वन कार्यालयले खोस्दै छन्। जिल्ला वनका कर्मचारीका निम्ति चुरे संरक्षण कार्यक्रम एउटा कन्सल्टेन्सी बनिरहेको छ। चुरेको कोषलाई बोनस बनाउँदै उपभोक्ता समूहहरूबाट कार्ययोजना सुधार भन्दै मनमानी असुलउपर गरिँदैछ। यसका निम्ति जिल्ला वन कार्यालयका व्यस्त रेन्जरहरू महाभारत क्षेत्रसम्म चुरे पर्छ भन्दै पुग्न थालेको सम्म पाइएको छ। दाङ तुलसीपुर– १ को भगवती सामुदायिक बन यसैको एउटा उदाहरण हो, जसको कार्ययोजना बदलिएको छ र समुदायको हक राष्ट्रपतिका नाउँबाट कटौती गरिएको छ।

के अब चुरे संरक्षणको दोस्रो वर्षको २६ करोड रुपैयाँ पनि यसैगरी दुरुपयोग गरिन्छ? कसैलाई थाहा छैन। चुरेमा यो वर्ष कस्ता कार्यक्रम गरिन्छ? कसरी तीन विभागबीच समन्वय गरिन्छ? चालू वर्षको चार महिना सकिइसक्दा पनि कुनै कार्यक्रम नबन्नु आफैँमा विडम्बनापूर्ण छ। राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सञ्चालन गर्ने वन तथा भूसंरक्षण मन्त्रालयअन्तर्गत भूसंरक्षण विभागमा डेढ कोठामा रहेको यो एकाइ आफैँ रनभुल्लमा रहेको देखिन्छ। एकाइमा एउटा फोनसम्म छैन। परिआएको बेला सहकर्मी कर्मचारी आउने भनिए पनि एकाइ प्रमुख मेघबहादुर पाण्डे एक्लै राष्ट्रपति चुरे संरक्षणमा जागिर खाइरहेछन्!

धेरैलाई भ्रम छ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, राष्ट्रपति डा. रामवरण यादवले ल्याएको कार्यक्रम हो र राष्ट्रपति कार्यालयले नै यो कार्यक्रमलाई सञ्चालन गर्छ। यसमा भारत सरकारले पनि व्यापक पैसा लगानी गरेको छ। तर यी दुवै कुरा सत्य होइन रहेछ। सत्य के भने नेपाल सरकारले चुरे क्षेत्रको भौगोलिक

ल्याएको रहेछ। कागजपत्रहरूबाट यस्तै देखिन्छ। नेपालको कुल भूभागको १३ प्रतिशत अर्थात् लगभग तराई जति नै क्षेत्रफल ओगट्ने चुरे क्षेत्र चुरे–भावर मात्र होइन, तराईका विशाल फाँटहरूको पनि भाग्य विधाता रहेछ।

राष्ट्रपति यादव चुरे–भावर क्षेत्रसमेत भएको धनुषा जिल्लामा खाइखेली हुर्केकाले तराईको भाग्य चुरेसँग जोडिएको कुरा भाषण तथा भेटघाटहरूमा बरोबर उठाइरहन्छन्। हालैको एक भेटमा उनले भने, ६० वर्षदेखिको तराई, चारकोसे वन र चुरेमा भएका उथलपुथलको साक्षी म आफैं हुँ। चुरेको वन मात्र होइन, अब त ढुंगा–गिटी, माटो र बालुवाको व्यापक दोहनले चुरे कुरुप मात्र बनेको छैन, पूरै तराईको २०–३० प्रतिशत भूभाग मरुभूमीकरण भइसकेको छ।

'म घरबाट मावली महोत्तरीको बगडा गाउँ जाँदा हात्ती डुब्ने खोलाको दह पुरिएको मात्र छैन, त्यो खोलाको बगर नै एक किलोमिटर चौंडा भइसकेछ। यही गतिमा चुरे विनाश हुने हो भने चुरे र तराईको सत्यानास हुन्छ। यो विनाश भनेको नेपालकै ६०–६२ प्रतिशत वासिन्दाको बिचल्ली हो। त्यसैले म सधैं चुरेको वनजंगल र भूक्षय संरक्षणको पक्षमा छु।'


'चुरे–भावर र तराईको जल, जमिन र जंगल जोगाउन सकिएन भने त्यसले पार्ने प्रभावको कल्पनासम्म पनि म गर्न सक्दिनँ। थोरै पाइप गाड्दैमा 'भकभक...' गर्दै जमिनबाट पानी आउने मेरो गाउँमा बोरिङ सुके। जनकपुरमा पिउने पानी तान्न दुई सय ८० फिट तलसम्म पाइप गाडिन थालेको थाहा पाएँ, राष्ट्रपतिले भने।

यस्तो किन भएको हो? विद्वान्हरू भन्छन्– चुरे, भावर क्षेत्र तराईको भूमिगत जल 'रिचार्ज' गर्ने क्षेत्र पनि हो। चुरे–भावर क्षेत्रको कमलो ग्यांग्रिङ परेको बलौटे जमिनले वर्षामा परेको मुसलधारे वर्षाको पानी सोसेर तराईलाई रसिलो पार्ने गर्दछ। वैज्ञानिकहरूले पनि यो कुरा स्वीकार गरेका छन्।

राष्ट्रपतिको चुरे क्षेत्रको संरक्षण र मरुभूमीकरणबाट तराई जोगाउन निरन्तरको चिन्ता र चासोलाई सरकारले नीति कार्यक्रममा पार्‍यो, जुन कार्यक्रम संसद्मा राष्ट्रपतिले पढ्छन्। ०६७ देखि बजेट पनि विनियोजन गर्‍यो सरकारले– राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई। दुई वर्षदेखि यो कार्यक्रम वन तथा भूसंरक्षण मन्त्रालय र यहाँका कर्मचारीका 'अतिरिक्त कमाइ खाने भाँडो' बन्न लागेको आभास सबैतिर हुन थालेको छ। कतिपय एनजीओहरू यसबारे पाँचतारे होटेलमा गोष्ठी आयोजना गरेर अगाडि बढ्दै छन्।

भएकोले हुनुपर्छ, उनी सार्वजनिक रूपमा केही बोलेको सुनिएको छैन तर राष्ट्रपति जोडिएको कार्यक्रममा भएका गलत कार्य र हिनामिना तथा रैथाने आदिवासी, दलित र आम वासिन्दाको सहभागिताविना, उनीहरूलाई बाहिर पारेर कर्मचारीले बनाएको चुरे संरक्षण कार्यविधिले कस्तो चोट पुर्‍याएको होला!

समुदायलाई हस्तान्तरण गरेपछि वन उपभोक्ताहरूले १५–२० वर्षमा नेपालकै उजाडिएको वन क्षेत्रलाई कस्तो हराभरा पारे? समुदायको चमत्कार सामुदायिक वन कार्यक्रमका रूपमा विश्वभर चर्चित नै छ। १८ हजार सामुदायिक वन उपभोक्ता समूहको महासंघ फेकोफनकी अध्यक्ष अप्सरा चापागाईंले भनिन्– राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सुन्दा जति आकर्षक भए पनि यो कार्यक्रमले समुदायमा हस्तान्तरित अधिकारसमेत खोस्न थालेको छ। त्यसैले फेकोफनको कार्यसमितिको भर्खरैको बैठकले यो कार्यक्रम नै खारेज गर्ने माग गरेको छ। समुदायको संरक्षण कार्यलाई अझ कसरी प्रभावकारी पार्न सकिन्छ भनेर



लाग्नुपर्ने देशकै राष्ट्राध्यक्षको नामसँग जोडिएर आएको कार्यक्रमले जनताकै अधिकार खोस्ने? उनले रोस व्यक्त गरिन्।

सामुदायिक वन उपभोक्ता महासंघको राष्ट्रपति चुरे संरक्षण कार्यक्रम नै खारेज गर्नुपर्छ भन्ने माग पछाडिका कारण के के हुन्? चुरे क्षेत्रमै वन संरक्षणमा उदाहरणीय काम गरिरहेको वन उपभोक्ताहरू किन यति कडाइसाथ अगाडि आएका होलान्? चुरे संरक्षणलाई अहिलेसम्म जसरी अगाडि बढाइएको छ, त्यसबाट त्यस क्षेत्रमा बस्ने जनता झस्केका देखिन्छन्। संरक्षण भन्नेबित्तिकै सेना राखेर गैंडा, बाघ, हात्ती पाल्ने र मान्छेलाई खेद्ने, गाउँका

निमिट्यान्न पारेका छन्? जनताको संलग्नता र मायाविना चुरे होस् वा अरू कुनै त्यो संरक्षण हुन सक्दैन। सामुदायिक वन र अन्य सामुदायिक कामबाट यो कुरा सावित भइसकेको छ। राष्ट्रपतिलाई सल्लाह दिनेहरूको घैंटोमा घाम लागोस्!

त्यसैले चुरे संरक्षण गर्ने हो भने संरक्षणको परिभाषादेखि काम थालिनुपर्ने देखिन्छ। के चुरे संरक्षण क्षेत्रमा आश्रित जनताको संरक्षण चुरे कार्यक्रमले गर्छ अथवा उठीबास लगाउँछ? गर्छ भने कसरी गर्छ त्यहाँका जनता जान्न चाहन्छन्। उनीहरूको सहभागितामा कार्यक्रम बनेको देख्न चाहन्छन्। तबमात्र चुरे संरक्षण जनताको कार्यक्रम बन्न सक्छ र चुरे कार्यक्रम आयो भनेर न जनता तर्सन्छ न त पीर नै मान्छन्। किनभने चुरे उनीहरूको जडीबुटी, घाँसदाउरा, काठपात ल्याउने ठाउँ पनि हो। खेतीपाती गरेर वर्षौंदेखि उनीहरू त्यहीं बसिरहेछन् तर उनीहरूको जमिनको स्वामित्व प्रमाणपत्र नै छैन। उनीहरूको जायजेथा चुरे कार्यबाट जाँदैन भन्ने विश्वास नदिलाई कार्यक्रमलाई लाखौं जनताको संरक्षण कसरी प्राप्त हुन्छ? दुईचारजना कर्मचारीले चुरे जोगाउने भनेर बजेट मात्र सिध्याउन सक्छन्, चुरे विनाश होइन, जोगाउने भए तिनकै मातहतमा थियो किन जोगिएन नेपालको वन? किन रक्षक नै भक्षक बने? भर्खरै भएको चेपाङहरूको भेलामा उनीहरूले भने, हामी खनजोत गरेर खाइरहेछौं, तर जग्गा राज्यले आफ्नो भन्छ। हामीसँग पुर्जा पनि छैन। हाम्रो यो समस्या चुरे कार्यक्रमले सम्बोधन गर्छ कि गर्दैन?

चुरे कार्यक्रम आएपछि हरिया रुख काट्नै पाइँदैन भन्ने कार्यविधि ल्याइएको छ। यसको प्रभावस्वरूप धमाधम मानिसहरू अहिल्यै हो रुख काट्ने नत्र चुरेमा सेनाका परमाधिपतिले सेना राखेपछि काट्न पाइँदैन भनेर चुरेका नाउँमा झन् वन फडानी बढिरहेछ, यसलाई कार्यक्रमले कसरी सम्बोधन गर्छ?

आठ–दस वर्षअघि पूर्व–पश्चिम राजमार्गमा यात्रा गर्दा चुरेमा गाईवस्तु चरेका सग्लै देखिन्थ्यो तर अहिले नवलपरासीदेखि कन्चनपुरसम्म यात्रा गर्दा त्यस्तो देखिएन। यो कसरी भयो? दाङका उपभोक्ताले भने हाम्रो कार्ययोजनाअनुसार हामीले चुरे संरक्षण गरेका हौं। तर अहिले वनका कर्मचारी आफैंले स्वीकृति दिएको हाम्रो कार्ययोजना बदल्न दबाब पो दिइरहेछन्।

जनतालाई हस्तान्तरण गरेको ठाउँमा चुरे होस् वा अन्यत्र हरियाली बढेको छ। पहिरो नियन्त्रण पनि भएको छ। कसले चुरेलाई यस्तो बनाए? यसको अध्ययन राष्ट्रपति चुरे कार्यक्रमले गरेको छैन। चुरे संकट कहाँबाट सुरुभयो र कसो गरे संरक्षण गर्न सकिन्छ त्यसै क्षेत्रका जनतासँग उठबस गर्‍यो भने मात्र थाहा पाइन्छ। त्यसैले काठमाडौंमा बसेर नीति योजना, निर्देशिका, कार्यविधि बनाएर माथिबाटै पालन गर्न आदेश दिने कि जनतासँग बसेर नीति योजना बनाउने? यसको जानकारी चुरे क्षेत्रका जनतालाई चुरेको करोडौं ड्वाम भइसक्दा पनि पत्तो भएको देखिँदैन।

बजेट आयो भनेर भूसंरक्षणले सधैं गरिरहे जस्तै तारजाली बाँड्ने, वनले सुकुम्वासी हटायौं भन्ने र वनस्पतिले अध्ययन गरेको कागजी हल्लामै चुरे संरक्षण कार्यक्रम अगाडि बढेको छ भन्ने कर्मचारीको चुरीफुरीमा राष्ट्रपति त पर्न सक्लान् तर अहिले देखाइएको दुई वर्षको 'उपलब्धि' जस्तै गरेर आगामी वर्षको २६ करोड पनि ड्वाम गर्ने हावादारी संरक्षण जारी भइरह्यो भने चुरे भन्ने क्षेत्र त रहला तर त्यसको